बैठक मिति: २०७९/४/२६
बैठक संख्या: १

**छलफल तथा निर्णय:**

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त व्यापार लजिष्टिक विकास नीतिको मस्यौदामा आयोगको बैठकमा उठेका सुझावहरू समेत समावेश गरी राय पठाउने।

२. संघीय समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत प्रदेश सरकार तथा स्थानीय तहबाट चालु आ.व. २०७९/८० मा कार्यान्वयन हुने गरी स्वीकृत भई प्रथम वर्षका लागि बजेट विनियोजन समेत भएका आयोजना/कार्यक्रमहरू (१ वर्षभन्दा बढी अवधि भएका) को ठेक्का व्यवस्थापनका सम्बन्धमा सम्बन्धित तहबाट आयोजना/कार्यक्रम प्रस्ताव गर्दाको समयमा पेश हुन आएको स्वीकृत विस्तृत आयोजना प्रतिवेदन (DPR) र कूल लागत अनुमान बमोजिम ठेक्का व्यवस्थापन गर्न सकिने ब्यहोराको जानकारी सम्बन्धित तहलाई गराइदिन अर्थ मन्त्रालयमा लेखी पठाउने।

३. आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्यक्रमहरूको कार्यान्वय सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको मिति २०७९/४/१७ को निर्देशन मन्तव्यको राष्ट्रिय योजना आयोगसँग सम्बन्धित बुँदाहरू सम्बन्धमा छलफल गरियो।

४. राष्ट्रिय योजना आयोगको आ.व. २०७८/७९ को वार्षिक प्रगति एवं आ.व. २०७९/८० को कार्यक्रम सम्बन्धमा छलफल गरियो।

५. संघीय संसद, राष्ट्रिय सभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको राष्ट्रिय गौरवका आयोजना अध्ययन प्रतिवेदन, २०७९ बाट प्राप्त सुझावहरु सम्बन्धमा छलफल गरियो।